जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २८९ २०८० साल असार १२ गते मंगलबार (27 June 2023 Tuesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बेरुजु बढ्नुका कारणबारे... ३ पृष्ठमा : सरुवापछि रमाना नलिने र ... ३ पृष्ठमा : अफगानिस्तान विश्व ...

# सप्तरीकै सर्वाधिक पुरस्कार राशीको बिजेता बन्यो बजाज खडक वारिर्यस




**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

बजाज खडक वारिर्यसले जिल्लाकै सर्वाधिक पुरस्कार राशी भएको मेयर कप सप्तरी प्रिमियर लिग टि -ट्वान्टी क्रिकेट प्रतियोगिता हात पारेको छ ।

जितसंगै बजाज खडक वायिरर्यसले ३ लाख रुपैया नगद तथा ट्रफी हात पारेको हो । यस्तै उपविजेता कंचनरुप राइनोले १ लाख ५० हजार नगद तथा ट्रफी प्राप्त गऱ्यो ।

राजविराजस्थित पविमाबीको खेल मैदानमा सोमबार सम्पन्न फाईनल खेलमा बजाज खडक वारिर्यसले कंचनरुप राइनो माथी ४ विकेटको जीत निकाल्दै उपाधी जित्न सफल भएको हो ।

टस हारेर ब्याटिङ्ग गर्ने अवसर पाएको कंचनरुप राईनोले निर्धारित २० ओभरको खेलमा सम्पूर्ण विकेट गुमाई १ सय ४५ रन बनाएको थियो । जसमा कंचनरुप राईनोका दिलिप नाथले सर्वाधिक ४२, नारायण जोशीले २७, सुमित श्रेष्ठले १७, अमित कुमार यादवले १६, राकेश कामैतले ११ र चित्र बहादुर विष्टले १० रनको योगदान दिए । बलिङ्गतर्फ बजाज खडक वारिर्यसका कप्तान विवेक यादवले ४, गोमानन्द अमात्यले २ तथा अनिल यादव र दिनेश अधिकारीले १/१ विकेट लिए ।

१ सय ४६ रनको विजय लक्ष्य लिएर मैदानमा उत्रेको बजाज खडक वारिर्यस १९ दशमलव ३ ओभर मै विजय लक्ष्य प्राप्त गऱ्यो । बजाज खडक वारिर्यसका लागी विशाल सुसलिङ (अविजित) ले सर्वाधिक ४६ रनको योगदान दिए । त्यस्तै साहिल पटेलले २१, राज बर्मा १७, करण बहादुर विक र संदिपले समान १४/१४ तथा विवेक कुमार यादवले १३ रनको योगदान दिए । बलिङ्गतर्फ कंचनरुप राइनोका चित्र बहादुर विष्टले ३ तथा रासिद खान,

*बाँकी तीन पृष्ठमा*

# एक घर दुई रुख अभियान सुरु


**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

सप्तरीको विष्णुपुर गाउँपालिकाले "एक घर दुई रुख" अभियान सुरु गरेको छ ।

अभियान अन्तरगत पहिलो दिन सोमबार गाउँपालिकाको वडा नं. ४, ५ र ७ मा गरि २ हजार २ सय बिरुवा रोपिएको छ ।

वडा नं. ४, ५ र ७ का प्रत्येक घर प्राङ्गणमा दुई/दुई वटाका दरले विभिन्न फलफुलका बिरुवा रोपिएको र बाँकी वडामा समेत क्रमश: बृक्षारोपन अभियानकै रुपमा संचालन हुने गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवको भनाई छ ।

अध्यक्ष यादवका अनुसार गाउँपालिकालाई स्वच्छ, सुन्दर,



हराभरा र प्रदुषणमुक्त बनाउने उद्देश्यले बृक्षारोपन अभियान थालिएको बताए ।

बृक्षारोपन कार्यक्रममा घरधनीलाई बोट बिरुवाको महत्व, यसको हेरचार तथा संरक्षणको बिधी बारे समेत ज्ञान बाड्ने काम गरिएको गाउँपालिकाले जनाएको छ ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजश्व विभाग**
**करदाता सेवा कार्यालय राजविराज**

## बक्यौता कर रकम दाखिला गर्ने जरुरी सुचना

**सूचना प्रकाशन मिति:-२०८०/०३/१२**

यस कार्यालय अन्तर्गत दर्ता रहेको तपशिल बमोजिमका करदाताहरुलाई कर बक्यौता दाखिला गर्न विभिन्न मितिमा पत्राचार, फोन सम्पर्क गरिसकेकोमा त्यस्ता करदाताहरुबाट हाल सम्म पनि बक्यौता रकम दाखिला गरेको नदेखिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

**यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र बक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा आयकर ऐन २०५८ को दफा १०४ देखि १११ सम्मको तथा मु.अ.कर ऐन २०५२ को दफा २१ (१) बमोजिम कुनै वा सबै प्रावधानको हदैसम्मको प्रक्रिया अपनाई बक्यौता कर रकम असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।**

| क्र.सं. | करदाताको नाम | स्थायी लेखा नम्बर | ठेगाना | प्रोपाईटर (सञ्चालकको नाम) | बक्यौताको प्रकार |
|---|---|---|---|---|---|
| १. | जय मां बेष्णोदेवी कोल्ड सेन्टर | ३०१७२९२९९ | राजबिराज न.पा. ६ | उपेन्द्र प्रसाद साह | मू.अ.कर, आयकर |
| २. | शिवम ट्रेडर्स | ६०७४१५७७१ | राजबिराज न.पा. १३ | सन्जु कुमारी देवी | मू.अ.कर |
| ३. | सुपर ईटा उद्योग | ६००४७३९४९ | सुरुङ्गा न.पा. ५ | मो. अलाउद्दिन | मू.अ.कर |
| ४. | आप्रावासी कामदार हकहित संरक्षण केन्द्र | ६१३०२००९३ | राजबिराज न.पा. ७ | जितेन्द्र प्रसाद सिन्हा | मू.अ.कर |
| ५. | मिलन जेनरल स्टोर | ३००२६७२७१ | राजबिराज न.पा. ७ | महम्मद रफिक मियाँ | मू.अ.कर |
| ६. | सत्यनाम ईटा उद्योग | ६०७५०३४४७ | खडक न.पा. १ | नारायण साह तेली | मू.अ.कर |
| ७. | दिलीप एण्ड ब्रदर्श | ३००१३४८४९ | सुरुङ्गा न.पा. ४ | सचिन कुमार दास | मू.अ.कर |
| ८. | श्याम बाबा ईन्टरप्राईजेज | ६०५२०६९०४ | खडक न.पा. ७ | लिलि कुमारी अग्रवाल | मू.अ.कर |
| ९. | जे.पि. ट्रेडर्स एण्ड सप्लायर्स | ३०४३३७३८३ | तिरहुत गा.पा. १ | जय प्रकाश यादव | मू.अ.कर |
| १०. | गिता आयल ट्रेड | ३०३७९३२४३ | राजबिराज न.पा. ९ | नितु सिंह | मू.अ.कर |
| ११. | विद्यार्थी ट्रेडर्स | ३०३९१५१२२ | राजबिराज न.पा. ७ | सगिर अन्सारी | मू.अ.कर |
| १२. | कुवेर ट्रेडर्स | ३०३९१९०५० | राजबिराज न.पा. ७ | श्याम कुमार साह | मू.अ.कर |
| १३. | ससरी मदिरा पसल | ३०३५०३४०४ | राजबिराज न.पा. ८ | कमल प्रसाद साह | मू.अ.कर, आयकर |
| १४. | धन लक्ष्मी निर्माण सेवा | ६०७५०३४४७ | महादेवा गा.पा. ३ | रमेश कुमार यादव | मू.अ.कर |
| १५. | के के मोटर पार्टस एण्ड सेन्टर | ६०२५४६६८१ | राजबिराज न.पा. ८ | मो. फिरोज | मू.अ.कर |
| १६. | अधिकारी आयल स्टोर | ३००१३४८२३ | महादेवा गा.पा. ८ | कारी अधिकारी | मू.अ.कर |
| १७. | अवतार ईन्टरप्राईजेज | ३०४३३०७२६ | सुरुङ्गा न.पा. ४ | जसविन्दर कौर | मू.अ.कर, आयकर |
| १८. | रितिशा ट्रेडर्स एण्ड सप्लायर्स | ३०४३३४५२२ | अग्नीसाईर कृष्णासरवन गा.पा. | तेजनारायण यादव | मू.अ.कर, आयकर |
| १९. | सगरमाथा ट्रेडिङ्ग एण्ड मार्केटिङ्ग | ३०१६०१३७३ | राजबिराज न.पा. | मनोज कुमार सिंह | मू.अ.कर |
| २०. | कमल सप्लायर्स | ३०५४१४३१३ | राजबिराज न.पा. | रिया राय | मू.अ.कर |

## सम्पादकीय

### अझै व्यवस्थित हुन सकेन राजविराज

विगतका वर्षहरुको तुलनामा अहिले राजविराज नगरपालिका केही व्यवस्थित भएको देखिन्छ । तर, समयअनुकुल अझै राजविराज व्यवस्थित हुन सकेको छैन् । मुख्य बजार क्षेत्रमा छाडा पशुको आवागमन, अव्यवस्थित ट्राफिक व्यबस्था, फोहर मैला व्यवस्थापन, सडक तथा पेटी अतिक्रमण, जथाभावी होर्डिङ बोर्ड लगायतका समस्या यथावत नै रहेको छ । यी समस्याहरु नयाँ नभएर पुरानै हो । यही समस्यालाई समाधानका लागि नगरपालिकाले प्रत्येक वर्ष प्राथमिकतामा राख्ने गरेको छ । यति मात्र नभएर विगतका दुई वटा मेयरको चुनावी एजेण्डा मध्ये एक यो पनि थियो ।

यी समस्या बाहेक अहिले ठूलो समस्या शौचालयको रहेको छ । शौचालयको अभावमा नगरको खुल्ला स्थान तथा सडक पेटी छेउमै शौच गरिएको देखिन्छ । जिल्ला नै खुल्ला दिसा मुक्त घोषणा भएको चार वर्ष बितिसक्दा पनि पूर्णकालिन रुपमा त्यस्ता समस्यालाई समाधान गर्न नगरपालिका खासै गम्भिर देखिन्न भने जनताहरु अटेरी भएका छन् । यो त केही जल्दोबल्दो समस्या हो । हाल नगरमा दर्जनौं भौतिक निर्माणका विकासीय कार्यहरुले तिब्रता पाएका छन् । नगरको विकास हुनु अत्यन्त सकारात्मक हो । तर, विकासको नाममा गणुस्तरहीन कार्य गर्नु भनेको भ्रष्टाचार हो । यी कुराहरुमा नगरपालिकासँग सम्वद्ध सबैले गम्भिरतापूवर्क मनन् गर्न आवश्यक छ ।

नगरपालिका अहिले आफै आन्तरिक रुपमा समस्याग्रस्त छ । तर, आफ्नो आन्तरिक समस्यालाई कार्यालय बाहिर उजागर नगरि जनताको समस्यालाई सम्बोधन गनेतर्फ आग्ररिता देखाउनु पनि उत्तिकै जिम्मेवारी छ । तसर्थ मुलुककै सबैभन्दा पुरानो नगरपालिकालाई व्यवस्थित गरि नमूना नगरपालिकाको रुपमा विकसित गर्न यहाँका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला निकायले गाम्भिरतापूवर्क चासो देखाउनु जरुरी छ । अनिमात्र हरित र सुन्दर नगरको परिकल्पना हामी गर्न सक्छौं । होइन भने आफुखुशी काम गर्दै जानेहो भने उपलब्धी भने शुन्य हुदै ज्ञो कुरामा दुईमत नहोला ।

# बेरुजु बढ्नुका कारणबारे संसदीय समितिमा छलफल

काठमाडौं, ११ असार (रासस) । सङ्घीय संसद्, राष्ट्रियसभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिले लेखापरीक्षण प्रक्रिया, बेरुजुको अवस्था, महालेखाको प्रतिवेदन कार्यान्वयन स्थिति, लेखापरीक्षणका समस्या तथा चुनौती र समाधानका उपायबारे महालेखा परीक्षकको कार्यालयसँग छलफल गरेको छ ।

बर्सेनि बेरुजु बढ्नुको कारण र आगामी दिनमा सुधारका लागि कस्तो पहल गर्न सकिन्छ भनेर महालेखासँग छलफल गरिएको समिति सभापति दिलकुमारी रावल थापा (पार्वती) ले बताउनुभयो । "बेरुजु कम गर्न वित्तीय सुशासन कायम गर्नुपर्ने देखिएको छ । त्यस्तै, नीतिगत र संरचनागत सुधार, जनशक्ति व्यवस्थापन, नयाँ प्रविधिको प्रयोग, कानूनको प्रभावकारी कार्यान्वयन गर्नेलगायतका विषयमा महालेखा परीक्षकको कार्यालयसँग छलफल भएको छ । प्राप्त सुझाव कार्यान्वयनका लागि समितिले सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिनेछ", उहाँले भन्नुभयो ।

समितिको सोमबारको बैठकमा विकास निर्माणका काममा कर्मचारीले कमिसन माग्ने गरेका कारण बेरुजु बढेको, लेखापरीक्षणमा खटिने कर्मचारीलाई खर्च उपलब्ध गराउने गरेको, कर्मचारी चाँडो सरुवाका कारण पनि बेरुजु बढेको, आयोजना तथा कार्यक्रममा पेश्की खर्चका रूपमा धेरै रकम उपलब्ध गराउने गरेकोलगायतका विषय सांसदहरूले उठाउनुभएको थियो ।

सांसद कुमार दसौदीले वर्षान्तमा धेरै बजेट खर्च हुने र असार मसान्तमा ठूलो रकम भुक्तानी तथा रकमान्तर हुने प्रवृत्तिलाई कम गर्न आवश्यक रहेको बताउनुभयो । यस्तो प्रकृतिको भुक्तानी कसरी कम गर्न सकिन्छ र वर्षान्तको कारोबारको लेखापरीक्षण कसरी हुने गरेको छ भन्दै उहाँले प्रश्न गर्नुभएको थियो । त्यस्तै, सांसद दीपा गुरुङले पनि असार मसान्तमा खर्च गर्ने प्रवृत्ति रोक्न सक्नुपर्ने बताउनुभयो ।

सोमबारको बैठकमा सांसद भगवती न्यौपानेले बेरुजु घटाउनका लागि विद्यमान कानूनी व्यवस्थामा के-कस्तो सुधार आवश्यक छ भनेर महालेखापरीक्षकको कार्यालयसँग सुझाव माग्नुभएको छ । त्यस्तै, सांसद सोनाम गेल्जेन शेर्पाले बेरुजु रकम बढ्नुमा सम्बन्धित कार्यालय प्रमुखलाई जिम्मेवार बनाएर कारबाही हुन नसकेको तथा कर्मचारीकै कारण बढी बेरुजु देखिएको बताउनुभयो ।

सांसद इन्दु कडरियाले प्रदेश र स्थानीय तहका कारोबारको अभिलेख दुरुस्त गर्नुपर्ने, स्थानीय तहले कार्यपालिका निर्णयबिनै खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्ने तथा एउटा किस्ता भुक्तानी गरिसकेपछि सोबमोजिम काम भए-नभएको हेरेर मात्र अर्को किस्ताको रकम भुक्तानी गर्नुपर्ने उहाँको भनाइ छ । त्यस्तै, अर्का सांसद राजेन्द्रलक्ष्मी गैरेले उपभोक्ता समिति र स्थानीय सरकारको कागजपत्र नपुग्दा बढी समस्या हुने गरेको बताउनुभयो । बेरुजु बढाउनुमा बढी जिम्मेवार को हो भनेर पहिचान गर्न आवश्यक रहेको पनि उहाँको भनाइ छ ।

समितिमा उठेका प्रश्नको जवाफ दिँदै कार्यवाहक महालेखापरीक्षक राममाया कुँवरले हरेक वर्ष बेरुजु बढिरहेकोमा सम्बन्धित कार्यालय, लेखा उत्तरदायी अधिकारी र स्थानीय तहबाटै सुधार गर्नुपर्ने बताउनु भयो । त्यस्तै, कसको कारणले बेरुजु बढिरहेको छ भनेर कारण पत्ता लगाउन आवश्यक रहेको उहाँको भनाइ छ । लेखापरीक्षणले गर्दा विकास निर्माणका काममा ढिलासुस्ती भएको भनेर आरोप लाग्ने गरेको, लेखापरीक्षण गर्ने कर्मचारीको विज्ञता तथा नियतमाथि प्रश्न उठ्ने गरेको कुँवरले बताउनुभयो ।

उपमहालेखापरीक्षक महेश्वर काफ्लेले लेखा परीक्षणको उद्देश्य वित्तीय सुशासन कायम गर्नु रहेको बताउनुभयो । "महालेखा परीक्षकको कार्यालयले सरकारी खर्चको मुल्याङ्कन, परीक्षण र प्रतिवेदन तयार पार्ने काम गर्छ । सार्वजनिक खर्चमा विद्यमान ऐन, नियम, कानून पालना भएको छ कि छैन भनेर हेर्छ", उहाँले भन्नुभयो, "बेरुजु बढ्नमा धेरै दोहोरिने समस्या भनेका खरिद व्यवस्थापन, ठेक्का सञ्चालन तथा प्रशासन, अनावश्यक खर्च, सोझै खरिद, सार्वजनिक सम्पत्तिको दुरूपयोग, अनावश्यक राजस्व छुट दिइनुलगायतका विषय हुन् ।"

त्यसैगरी प्रदेशका कार्यालयमा दोहोरोपना देखिनु, अनुदान रकमको न्यून उपयोगिता, परामर्श सेवामा धेरै खर्च, अभिलेख व्यवस्थापनलगायतका समस्या रहेको पनि उहाँको भनाइ छ । लेखापरीक्षणमा खटिने कर्मचारीको खर्च महालेखा परीक्षकको कार्यालयले नै व्यहोर्ने गरेको तथा कसैको प्रभाव र दबाबमा लेखापरीक्षण नहुने काफ्लेले बताउनुभयो ।

त्यस्तै, उपमहालेखा परीक्षक विन्दु विष्टले महालेखा परीक्षकको कार्यालयले बेरुजु देखाउने काम गरे पनि बेरुजु फर्छ्योट नगर्ने कार्यालय र कर्मचारीलाई कारबाही गर्न नसक्ने बताउनुभयो ।

**साढे नौ खर्ब बढी बेरुजु**

महालेखा परीक्षकको ६० औं प्रतिवेदनअनुसार सरकारको हालसम्मको कूल बेरुजु रु ९ खर्ब ५९ अर्ब ७९ करोड नाघेको छ ।

महालेखाको वार्षिक प्रतिवेदनअनुसार सङ्घीय तथा प्रदेशका सरकारी निकाय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेत कुल छ हजार पाँच सय ४३ वटा निकायको लेखापरीक्षण गर्दा गत आर्थिक वर्ष २०७८/७९ सम्ममा साढे नौ खर्बमाथि बेरुजु देखिएको हो । कूल बेरुजुमध्ये अद्यावधिक बेरुजु रू पाँच खर्ब ८७ अर्ब ३३ करोड ७४ लाख र कारबाही टुङ्गो लगाउनुपर्ने बेरुजु रू तीन खर्ब ७२ अर्ब ४५ करोड १३ लाख बराबर रहेको छ ।

गत आर्थिक वर्ष २०७८/७९ मा मात्रै रु एक खर्ब १९ अर्ब ७७ करोड बराबर बेरुजु थपिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । गत वर्ष मात्रै सङ्घीय सरकारी निकाय तथा कार्यालयमा रू ५६ अर्ब ३१ करोड, प्रदेशका निकाय तथा कार्यालयमा रू सात अर्ब २० करोड, सरकारका विभिन्न समिति तथा संस्थाको रू १३ अर्ब ३८ करोड र स्थानीय तहको रू ४२ अर्ब ८८ करोड बराबर बेरुजु थपिएको देखिन्छ ।

महालेखाले गत वर्ष छ हजार पाँच सय ४६ वटा सरकारी निकायको रू ७१ खर्ब ३८ अर्ब १६ करोड ७४ लाख बराबरको लेखापरीक्षण गरेको थियो । गत वर्षको मात्रै बेरुजु हेर्दा सङ्घीय निकायहरूमध्ये सबैभन्दा धेरै अर्थ मन्त्रालयमा मात्रै रू ३२ अर्ब ४६ करोड ८८ लाख बराबर बेरुजु देखिएको छ । त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रू आठ अर्ब ७९ करोड

*बाँकी तीन पृष्ठमा*

# इन्टरनेट सेवा प्रदायक कम्पनीलाई कारबाही

वीरगञ्ज, ११ असार (रासस) । वीरगञ्ज महानगरपालिकाले आधा दर्जन इन्टरनेट तथा केबल सेवा प्रदायक कम्पनीलाई कारबाही गरेको छ ।

पटक पटक तार व्यवस्थापनका लागि समय दिंदा पनि बेवास्ता गरेपछि महानगरपालिकाले छ इन्टरनेट तथा केबल सेवा प्रदायक कम्पनीलाई कारबाही गरेको हो । महानगरपालिकाले तार व्यवस्थापनका लागि काम गरिरहेको र आ-आफ्नो तार व्यवस्थापनका लागि पटक पटक समय दिँदा पनि अटेर गरेपछि बाध्य भएर कारबाही प्रक्रियामा जानुपरेको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिनुभयो ।

महानगरले सोमबार इन्टरनेट तथा केबल सेवा प्रदायक कम्पनी वर्ल्ड लिंक, भायोनेट, क्लासिक टेक, सुविसु र डिसहोमलाई कारबाहीस्वरुप रु दुई हजार पाँच सयका दरले जरिबाना गरिएको उहाँले बताउनुभयो । जिल्ला प्रहरी कार्यालय, ओमआश्रमलगायतका स्थानमा केही दिनअघि आगलागी हुँदा ती कम्पनीका तार सडकमै असरल्ल खसेर जोखिमपूर्ण अवस्थामा रहेको जानकारी दिएर हटाउन आग्रह गर्दा पनि सम्बन्धित कम्पनीले हटाउन चासो नदिएपछि महानगरले उहाँहरूलाई कारबाही गरिएको जनाएको छ ।

पोलमा गुजुल्टो पारेर जथाभावी टाँगिएको तारका कारण आगलागीका घटना पनि बढिरहेको छ । महानगरले तार व्यवस्थापनमा लामो समयदेखि काम गरिरहेको भए पनि नतिजा हात पार्न सकेको छैन । सम्बन्धित कम्पनीको असहयोगका कारण तार व्यवस्थापन जटिल बनेको र यसले सहरी सौन्दर्यलाई समेत असर गरिरहेको महानगरपालिकाको भनाइ छ ।

जथाभावी तार तान्ने कामलाई निरुत्साहित गर्न महानगरले पटकपटक सम्बन्धित कम्पनीलाई चेतावनी दिएको भए पनि अटेर गर्दै पोलमा तार झुण्डयाउने क्रमलाई जारी राखेको छ । अब कम्पनीले पूर्वस्वीकृति बेगर तार तान्ने र जथाभावी झुण्डयाउने गरेको भेटिए कडाइका साथ कारबाही गर्ने गरी महानगर जुटेको महानगरको सूचना प्रविधि शाखाका बृजेश प्रधानले बताउनुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सरुवापछि रमाना नलिने र नदिने कर्मचारीलाई विभागीय कारबाही हुने

काठमाडौँ, ११ असार (रासस)। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा भएपछि तोकिएको समयभित्र रमाना नलिने र नदिने कर्मचारीलाई विभागीय कारबाही र तलब भत्ता असुल उपरको नीति कार्यान्वयनमा ल्याएको छ।

यस्तै सरुवा भएर जाने कर्मचारीलाई हाजिर नगराउने स्थानीय तहको खाता रोक्काको प्रक्रिया अगाडि बढाउन थालिएको छ। प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकमाथिको छलफलका क्रमा उठेका प्रश्नको जवाफ दिने क्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले कर्मचारीको सरुवा तथा पदस्थापन विधिसम्मत हुन नसकी पहुँचका आधारमा मात्र हुने गरेकामा आगामी दिनमा यसलाई प्रणालीगत गराइने स्पष्ट गर्नुभयो।

मन्त्री मोदीले कर्मचारीको सरुवा र काज र पदस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयका सहसचिवको संयोजकत्वमा अध्ययन कार्यदल गठन जानकारी दिनुभयो। उहाँले स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत दिने कार्यलाई निरुत्साहित गरिएको बताउनुभयो। हाल एक सय ४२ तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत छन्।

हिमाली तथा तराईका जिल्लाका पालिकामा दिनैपर्ने विशेष परिस्थितिमा मात्रै स्थानीय तहको कार्यपालिकाको निर्णय र सिफारिसबमोजिम स्थानीय तहमा कार्यरत सबैभन्दा ज्येष्ठ कर्मचारीलाई मात्र निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने गरिएको उहाँले जानकारी दिनुभयो।

यसैगरी बढुवा तथा खुला प्रतियोगिताबाट आउने उपसचिव तथा सहसचिवको पहिलो पदस्थापन स्थानीय तहमा हुने व्यवस्था मिलाइएको छ। मन्त्रालयले आगामी साउनदेखि स्वचालित र पूर्वअनुमानयोग्य सरुवा प्रणाली लागू गर्न कार्यदल पनि गठन गरेको छ।

### बेरुजु बढ्नुका ...

७४ लाख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको रू दुई अर्ब ७० करोड ५८ लाख र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको रू दुई अर्ब ५३ करोड ७१ लाख बराबर बेरुजु थपिएको छ। लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु रकम हेर्दा सबैभन्दा बढी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १८ दशमलव ७२ प्रतिशत बेरुजु देखिएको छ।

संवैधानिक निकायहरू राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, न्याय परिषद् र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा भने न्यून बेरुजु देखिन्छ।

### सप्तरीकै सर्वाधिक ...

नारायण जोशी र पप्पु कुमार यादवले १/१ विकेट लिए।

फाइनल खेलको म्यान अफ द म्याच विजेता टिम बजाज खडक वारियर्सका विशाल सुसलिङ घोषित भए। यस्तै प्लेर अफ द टुर्नामेन्ट कंचनरुप राईनोका रासिद खान, बेस्ट बलर बजाज खडक वारियर्सका दिनेश अधिकारी, बेस्ट ब्याट्समेन छिन्नमस्ता लाइन्सका सुभक कंसाकार तथा इमेजिङ्ग प्लेयरको अवार्ड बलान विहुल क्रिकेट क्लबका विशाल यादवले प्राप्त गरे।

प्रतियोगिता समाप्ती पछी आयोजक क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथी राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविन, नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुर बहादुर चन्द, कोषाध्यक्ष रोशन सिंह, केन्द्रिय सदस्य प्रशान्त विक्रम मल्ल, मधेश प्रदेश क्रिकेट संघका उपाध्यक्ष सुनिल महासेठ, वडा अध्यक्ष बन्धुलाल दास लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरे।

# बिना सीप र अभिमुखिकरणको वैदेशिक रोजगारमा नजान सुझाव




**दैनिक समाचारदाता**
**राजविराज, ११ असार।** वैदेशिक रोजगारमा गएका घरपरिवारका सदस्य र भविष्यमा रोजगारका लागि जानेहरुले अपनाउनु पर्ने उपायहरुबारे जानकारी दिइएको छ।

सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिकास्थित महुलीमा वैदेशिक रोजगारमा जाने युवाहरुलाई सुरक्षित रोजगारमा कसरी जाने विषयक सात दिने तालिमको अवसरमा सो जानकारी दिइएको हो।

अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको सहयोग तथा सामुदायिक विकास तथा मानवअधिकार संरक्षण केन्द्रको आयोजनामा संचालित तालिममा प्रशिक्षक अधिवक्ता राजेन्द्र प्रसाद यादवले वैदेशिक रोजगारीमा जानु अघि गर्नुपर्ने तयारी, गएपछि आउने समस्या र त्यसको समाधानका उपायबारे सहभागीहरुलाई जानकारी गराए।

उनले बिना सीप र अभिमुखिकरणको वैदेशिक रोजगारमा जान नहुने जानकारी दिदै सूचना र जानकारीको अभावमा अधिकांश कामदार ठगिने गरेको बताए।

यस्तै प्रशिक्षक राजेश झाले सुरक्षित वैदेशिक रोजगारबारे जानकारी नहुँदा रोजगारमा गएका उनका परिवारजन समेतले पीडा पाउने भएको हुँदा भरपर्दो श्रोतबाट सबै जानकारी लिएर मात्र वैदेशिक रोजगारमा जान सहभागीहरुलाई सुझाव दिए।

गत असार ५ गते शुरु भएको उक्त तालिममा ५० जनाको सहभागिता रहेको आयोजक संस्थाका अध्यक्ष राकेश ठाकुरले जनाएको छ।


व्यवसायिक कृषिले बनाउँछ सुखी

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## विश्व समाचार

# अफगानिस्तान विश्व समुदायसँग सम्बन्ध स्थापित गर्न चाहन्छ : तालिबान

टेगुसिगाल्पा, ११ असार (रासस/एएनआई)।

तालिबाननेता मौलवी हिबतुल्लाह अखुन्दजादाले इद-उल-अजहाको आगमनपछि एक सन्देश जारी गर्दै तालिबानले विश्व, विशेषगरी इस्लामी मुलुकसँग असल राजनीतिक तथा आर्थिक सम्बन्ध चाहेको र यस सम्बन्धमा आफ्नो जिम्मेवारी पूरा गरेको बताउनुभएको छ। काबुलबाट प्रसारण हुने अफगान समाचार च्यानल टोलो न्यूजका अनुसार तालिबानका प्रवक्ता जबीहुल्लाह मुजाहिदले तालिबान नेता मौलवी हिबतुल्लाह अखुन्दजादालाई उद्धृत गरी इद-उल-अजहाको अवसरमा उक्त सन्देश जारी गर्नुभएको हो। मुजाहिदको ट्वीटरमा प्रकाशित पत्रमा अखुन्दजादाले भन्नुभएको छ, "जसरी हामी अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैनौं, त्यसरी नै हामी अरुलाई हाम्रो आन्तरिक मामिलामा हस्तक्षेप गर्न दिँदैनौं।"

उहाँले तालिबान नेतृत्वमा मुलुकको आर्थिक पतन र सङ्कटको भविष्यवाणी गलत साबित भएको दावीसमेत गर्नुभयो। तालिबानको 'बुद्धिमत्तापूर्ण कदम, इमानदारी र पारदर्शिता'का कारण देह आर्थिक पतन हुनबाट जोगिएको अखुन्दजादाले बताउनुभयो। उहाँले लागूऔषधको मुद्दालाई पनि उल्लेख गर्दै भन्नुभयो, "देशमा अफिमको खेती उन्मूलन भइसकेको छ र 'किसानहरूले विकल्पको खोजी गरिरहेका छन्, र यहाँ कानुनीरूपमा वैध मानिने व्यवसायीक खेतीको विस्तार भइरहेको छ।'

"यसबीचमा, सबै प्रकारका लागूपदार्थको उत्पादन, तस्करी र प्रयोगमा प्रतिबन्ध लगाइएको छ र अब, धेरै नागरिकहरू, विशेष गरी युवाहरू यस क्षतिबाट जोगिएका छन्," अखुन्दजादाले भन्नुभयो। महिला अधिकारका सम्बन्धमा उहाँले जबर्जस्ती करणीलगायत थुप्रै परम्परागत उत्पीडनबाट महिलालाई जोगाउन ठोस कदम चालिएको र उनीहरूको शरिया अधिकारको संरक्षण गरिएको दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "यसबाहेक, इस्लामी शरिया कानुन अनुसार महिलाहरूलाई आरामदायी र समृद्ध जीवन प्रदान गर्न समाजको आधा भागको रूपमा 'महिलाहरूको सुधारका लागि आवश्यक कदम'हरू चालिएका छन्।" "विगत २० वर्षदेखि महिलाको हिजाब र भ्रमसँग सम्बन्धित पेशाका नकारात्मक पक्षहरू चाँडै अन्त्य हुनेछन्।" उक्त सन्देशमा अफगानी बालिका र महिलाको शिक्षाबारे कुनै उल्लेख गरिएको छैन। अखुन्दजादाले प्यालेस्टिनी महिला, बालबालिका र असहाय मुसलमानहरूमाथि इजरायलले गरेको क्रूर कार्यको कडा शब्दमा निन्दा गरेको र अन्य देशहरूलाई 'यस अतिवादी मानवीय अपराध र क्रूर अत्याचारलाई रोक्नका लागि आफ्नो कर्तव्य निर्वाह गर्न' आग्रह गर्नुभएको छ।

# चौहत्तर ७४ हजार अफगानी शरणार्थी स्वदेश फिर्ता

काबुल, ११ असार (रासस/सिन्ह्वा)।

छिमेकी मुलुक इरानबाट पछिल्लो एक महिनामा ७४ हजारभन्दा बढी अफगानी शरणार्थी आफ्नो मातृभूमि अफगानिस्तान फर्केका छन्।सरकारी समाचार संस्था बख्तरले सोमबार अफगानी अधिकारी र एक प्रतिवेदनलाई उद्धृत गर्दै समाचारमा उल्लेख गरेको छ। इरानमा वर्षौंदेखि शरणार्थीका रूपमा बस्दै आएका ७४ हजार ३६ अफगानी शरणार्थीविगत एक महिनामा अफगानिस्तानको निमरोज प्रान्त हुँदै आफ्नो मातृभूमि फर्केका छन् र यो प्रक्रिया जारी रहेको प्रतिवेदनमा उल्लेख छ। अफगानी सञ्चारमाध्यमका अनुसार अप्रिलको सुरुदेखि मे महिनाको मध्यसम्म ६४ हजार ११५ शरणार्थी अफगानिस्तान फर्केपछि पछिल्लो तीन महिनामा इरानबाट फर्केका शरणार्थीको सङ्ख्या एक लाख ३८ हजार १५१ पुगेको छ। इरानमा २५ लाखभन्दा बढी दर्ता भएका अफगानी शरणार्थीहरू बस्दै आएका छन् भने त्यति नै सङ्ख्यामा अफगानी शरणार्थीहरु पाकिस्तानमा रहेका छन्। अफगानिस्तानको कामचलाउ सरकारको नेतृत्व गरेको तालिबान समूहले विदेशमा रहेका अफगानी शरणार्थीहरुलाई स्वदेश फर्कन र आफ्नो देशको पुनर्निर्माणमा योगदान गर्न आह्वान गर्दै आएको छ।

# श्रीलंकाको वित्तीय बजार पाँच दिनसम्म बन्द गर्ने घोषणा

कोलम्बो, ११ असार (रासस/एएफपी)।

श्रीलङ्काको सरकारले ५१ अर्ब अमेरिकी डलरभन्दा बढीको आन्तरिक ऋणको पुनर्संरचना गर्ने विवादास्पद कदम चाल्नुअघि श्रीलङ्काका अधिकारीहरूले बिहीबारदेखि पाँच दिनका लागि वित्तीय बजार बन्द गर्ने घोषणा गरेका छन्। श्रीलङ्काले गत वर्षको अप्रिलमा आर्थिक सङ्कट घोषणा गर्दै आफ्नो विदेशी ऋणको लागि सम्भौता गरेको कानुनी दायित्व पुरा गर्न नसकेपछि मार्चमा सहमति भएको आईएमएफको 'बेलआउट प्याकेज'को अनुरूप पुनर्संरचनाले सरकारी ऋणपत्रलाई असर गरेको छ। एक संसदीय अधिकारीका अनुसार ऋण पुनर्संरचना योजनालाई अनुमोदन गर्न यसै हप्ताको अन्त्यमा विधायिकाको विशेष अधिवेशन बोलाउने विषयमा छलफल गर्न सांसदहरूको मङ्गलबार बैठक बस्ने अपेक्षा गरिएको छ। केन्द्रीय बैंकका गभर्नर नन्दलाल वीरासिंघेका अनुसार अधिकारीहरूले बिहीबार र सोमबार पर्न गएको पर्व बिदाको अतिरिक्त शुक्रबार बिदा दिन आदेश दिएका छन्। उहाँले स्थानीय टेलिभिजन नेटवर्कसँग भन्नुभयो,"ऋण पुनर्संरचनाको बारेमा संसदमा छलफल भइरहेको बेला बजार खुला रहनु अस्वस्थकर हुनेछ।"

# घरेलु टिम सप्तरी पराजित

**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

राजविराजमा जारि मेयर कप फुटबल प्रतियोगिता अन्तरगत सोमबारको खेलमा घरेलु टिम सप्तरी पराजित भएको छ ।

आधा दर्जन जति प्रहार रोक्दै उदयपुरको मनिथम फुटबल क्लबले आयोजक सप्तरी फुटबल संघ टिमलाई १-० गोल अन्तरले हराएको छ । सो जितसँगै मिनथम क्लब क्वाटर फाइनलमा प्रवेश गरेको हो ।

खेलको ८० औं मिनेटमा डि-एरियामा सप्तरीका खेलाडीले फाउल खेल्दा उदयपुरले पाएको पेनाल्टीको सदुपयोग गर्दै देवराज चौधरीले गोलमा परिणत गरेका थिए । सो गोलमै निर्णायक बन्यो ।

गोल फर्काउन घरेलु टोलीका खेलाडीले उदयपुरको गोल पोष्टमा आधा दर्जन जति प्रहार गरे पनि गोलमा परिणत गर्न सफल भएन र अन्तत: १-० गोल अन्तर कायम गर्दै पाहुना टोली उदयपुरले जित सुनिश्चित गर्‍यो ।

जिल्ला फुटबल संघ सप्तरीको आयोजनामा तथा राजविराज नगरपालिकाको सहयोगमा संचालित प्रतियोगिता अन्तरगत मंगलबारको खेल सर्लाही र महोत्तरीबीच हुने आयोजक समितिले जनाएको छ ।

# नक्कली शरणार्थी प्रकरण : फरार प्रतिवादी पक्राउ

काठमाडौँ, ११ असार (रासस) ।

नक्कली भूटानी शरणार्थी बनाएर अमेरिका पठाउने लोभ देखाई रकम ठगी गरेको मुद्दाका फरार एक प्रतिवादीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार प्रहरी टोलिले आरोपीआशिष बुढाथोकीलाई मण्डिखाटारबाट पक्राउ गरेको हो।

गिरोहले सङ्कलन गरेको रकम उनको खातामा समेत आएको देखिएको प्रहरी उपरीक्षक रिजालले बताउनुभयो । सोही आधारमा जिल्ला अदालत काठमाडौँमा विचाराधीन रहेको मुद्दामा उनी फरार सूचीमा थिए ।

# जनज्योतीद्वारा ३६ करोड ९५ लाख आम्दानी गर्ने लक्ष्य



**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

राजविराज ९ मलेठ स्थित जनज्योती कृषि सहकारी संस्थाले आ.ब. २०७९/८० को १८औं बैठक सोमबार सम्पन्न गरेको छ ।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षतामा बसेको बैठकबाट संस्थाको कार्यप्रगति लगायतको प्रतिवेदन अनुमोदन गर्दै आ.व. २०८०/०८१ को २२ करोड ९५ लाख ७० हजार २ सय २६ रुँपैया ८९ पैसाको वार्षिक कार्ययोजना (बजेट) पारित गरिएको छ ।

बैठकमा शेयर सदस्य बृद्धि १७ प्रतिशत, शेयर पुँजी ११ प्रतिशत, संस्थागत पुँजि ४ प्रतिशत ऋण लगानी १४ प्रतिशत बृद्धी गर्ने लक्ष्य लिइएको अध्यक्ष मण्डलले जानकारी दिए ।

उनले आ.ब. २०८०/८१ मा ३६ करोड ९५ लाख ७८ हजार ८० रुँपैया ५६ पैसा आम्दानी र ३० करोड ४६ लाख ९९ हजार ९२ रुँपैया ३५ पैसा खर्च गरी कर अघिको खुद बचत ६४ करोड ८७ लाख ८८ हजार ८ रुँपैया २५ पैसा गर्ने लक्ष्य लिईएको बताए ।

# अख्तियारद्वारा कोषका तत्कालीन सदस्य सचिव डा ढकालविरुद्ध मुद्दा दायर

काठमाडौँ, ११ असार (रासस) ।

पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव डा प्रदीप ढकालविरुद्ध गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोगमा विशेष अदालत काठमाडौँमा सोमबार मुद्दा गरिएको छ ।

अख्तियार दुरुपायोग अनुसन्धान आयोगले रु एक करोड ४४ लाख ११ हजार ७८१ सम्पत्ति स्रोत नखुलेको दाबीसहित डा ढकालविरुद्ध मुद्दा दायर गरेको प्रवक्ता भोला दाहालले जानकारी दिनुभयो ।

विसं २०७४ साउनदेखि २०७९ साल जेठ ३० गतेसम्म कोषको सदस्य सचिव रहेका डा ढकालले पदीय दुरुपयोग गरी अस्वाभाविकरुपमा सम्पत्ति आर्जन गरेको भन्ने उजुरीका आधारमा छानविन गर्दा गैर कानुनीरुपमा सम्पत्ति आर्जन गरेको देखिएकाले विशेष अदालतमा मुद्दा दायर गरेको आयोगद्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

सदस्य सचिव डा ढकालको चार वर्षीय कार्यकाल २०७८ साल साउनमा पूरा भएको थियो ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०१०५७५८
स्था. २०५७

## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
राजविराज–४,सप्तरी

मिति : २०८०/०३/१२

### धितोमा रहेको अचल सम्पती लिलाम बिकी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनका लागी लिएको ऋणको सम्झौता बमोजिम तोकिएको समयाबधी भित्र तिर्न बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरि नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरुको तर्फ कुनै चासो नदिएकोले धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको धितो घर/जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी गर्ने बारे ३५ दिने सुचना जारी गरिएको छ । उक्त म्याद भित्र पनि कर्जा चुक्ता/भुक्तान गर्न नआएमा यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद समेत ४५औं दिनमा यस सहकारी संस्थाको कार्यालयमा धितो लिलाम बढाबढ गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । अन्यथा कर्जा सुरक्षण वापत लेखीदिएको धितो अचल सम्पती घर /जग्गा प्रचलित सहकारी ऐन, नियमावली तथा यस संस्थाको ऋण ब्यबस्थापन कार्यबिधि बमोजिम तपशिलमा उल्लेखित धितो सुरक्षण लिलाम गरी वा अन्य आवश्यक कानुनी कारवाही गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ । सुरक्षणमा रहेको धितो लिलाम बिकी हुन नसकी यसै संस्थाले धितो साकार गर्नु परेमा नपुग बराबरको बाँकी बक्यौता ऋणी एवम जमानीकर्ताको जायजेथा बाट असुल उपर गरिने व्यहोरा समेत यसै सुचना बाट जानकारी गराईन्छ ।

| सि.नं. | ऋणी सदस्यको विवरण | ठेगाना | धितो विवरण |
|---|---|---|---|
| १. | मो. बदरुद्दीन अली<br>बुवा :– अमानत मिया<br>बाजे :– कारि मिया | जिल्ला सप्तरी , न.पा. राजबिराज वडा नं.२ हाल १ | जिल्ला सप्तरी , न.पा. राजबिराज वडा नं.२ हाल १, चनौरा परिरयाको किता नं. २५१ को क्षेत्रफल ०–१–१ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| २. | श्री सिंघेश्वरी देवी<br>पति : महेन्द्र मंडल धानुक<br>बुवा : मौजेलाल मंडल<br>ससुरा : दोरिक् मंडल धानुक | जिल्ला सप्तरी,साबिक गा.वि.स. मलेकपुर –७ हाल गा.पा.विष्णुपुर–३ | जिल्ला सप्तरी , गा.वि.स.मलेकपुर वडा नं.८ स्थित किता नं.३९३ को क्षेत्रफल ०–३–१२.५ र किता नं.५८० को क्षेत्रफल ०–२– ०.२५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ३. | श्री उर्मिला देवी यादव<br>पति :–राम नारायण यादव<br>बुवा :– बच्चाई यादव<br>ससुरा :– दुःखी यादव | जिल्ला सप्तरी ,साविक गा.वि.स.. संकरपुरा वडा नं.८, गा.पा. तिलाठी काईलाडी–६ | जिल्ला सप्तरी , गा.वि.स. सितापुर वडा नं.३क ,स्थित किता नं. ६४७ को क्षेत्रफल ०–१३–१२.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ४. | श्री सकुन्तला देवी चौधरी वैश्य<br>पति :– विन्देश्वरी चौधरी ,<br>ससुरा :–सुर्यवंशी चौधरी | जिल्ला सप्तरी , साविक गा.वि.स. विषहरिया वडा नं.४ | जिल्ला सप्तरी , गा.वि.स. बिषहरिया वडा नं.४क स्थित किता नं.१५ को क्षेत्रफल ०–१ –१५, किता नं. ५२ को क्षेत्रफल ०–०–६, किता नं. ६० को क्षेत्रफल ०–०–९, किता नं.६३ को क्षेत्रफल ०–०–९ र वडा नं.८ख किता नं. १०४ को क्षेत्रफल ०–१–२, किता नं.१०६ को क्षेत्रफल ०–३–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेलाई सुचना :**

उल्लेखित सुचनाको म्याद भित्र यथाशिघ्र ऋणको बाँकी बक्यौता राफसाफ गरी आफनो सम्पतीको उचित संरक्षण गर्नुहुन समेत यसै सुचना बाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिकीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलाम बाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रकियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सुचित गरिएको छ । धितो लेखी दिएको सम्पती लिलाम बिकि गरी वा सहकारी संस्था आफैले साकार गर्दा समेत साबिकमा सहकारी संस्था बाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिकि भएमा वा सहकारी संस्थाले आफै साकार गरि लिएमा पछी मेरो/हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिकी भयो वा सहकारी संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन् ।

**लिलामका शर्तहरु :**

१.लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले कबुल गरेको रकमको १०% ले हुने रकम संस्थामा बुझाउनु पर्नेछ ।
२.लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पती बुझी नलिएमा धरौटी वापतको रकम स्वत: जफत हुनेछ ।
३.तोकिएको लिलामको दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट वा कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
४.बोलकबोलमा सबै भन्दा बढी कबोल गर्ने व्यक्तिलाई दिने नदिने सम्पुर्ण अधिकार सहकारी संस्थामा निहित रहनेछ ।
५.लिलाम बिकि भएको अचल सम्पती जे अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
६.लिलाम बिकि गर्दा कसैले नसकारेमा वा बोल कबोल गरेको रकम सहकारी संस्थालाई चित बुझ्दो नभएमा यस सहकारी संस्थाले उक्त सम्पतीको स्वामित्व आफुमा लिन सक्नेछ ।
७.लिलाम गर्दा लाग्ने सम्पुर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ । साथै लिलाम सकार गर्ने व्यक्तिले सकार गरिलिएको जायजेथा आफनो नाममा नामसारी गर्दा लाग्ने खर्च सकार गर्ने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।
८. लिलाम बढाबढ हुने मिति, समय र स्थान : २०८० श्रावन २५ गते बिहिवार , कार्यालय समय १० बजे देखी ४ बजे सम्म ,संस्थाको कार्यालय राजबिराज –४ मा हुनेछ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np